नबी (सल्लल्लाहु अलैहि वसल्लम) जुत्ता लगाउँदा, कपाल कोर्दा, वुजू गर्दा लगायत आफ्ना सबै कार्यहरूमा दायाँबाट आरम्भ गर्न मन पराउनुहुन्थ्यो।

उम्मुल-मुमिनीन (आस्थावानहरूकि आमा)आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) जुत्ता लगाउँदा, कपाल कोर्दा, वुजू गर्दा लगायत आफ्ना सबै कार्यहरूमा दायाँबाट आरम्भ गर्न मन पराउनुहुन्थ्यो।
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) सम्मानयोग्य कार्यहरूमा दाहिने तर्फबाट सुरु गर्न रुचाउनुहुन्थ्यो। तीमध्ये केही यस प्रकार छन्: जुत्ता लगाउँदा दाहिने खुट्टाबाट सुरु गर्ने, टाउको र दाह्रीमा तेल लगाउँदा तथा कपाल कोर्दा दायाँबाट सुरु गर्ने, र वुजू गर्दा बायाँ हात र खुट्टाभन्दा पहिले दायाँ हात र खुट्टा धुने इत्यादि।

http://sunnah.global/hadeeth/ne/show/3018